आज मिति २०८१/०९/२९ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को पाचौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी…………………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ …………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी………………………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ………………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु…………………………………………………………………

१०.कार्यपालिका सदस्य श्री सुष्मा लावती ………………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई…………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती…………………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा…………………………………………………………

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ………………………………………………………………

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान……………………………………………………………………

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन……………………………………………………………

१९.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी……………………………………………………………

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
३. गत आ.व. २०८०/०८१ स्थानीय संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा छलफल सम्बन्धमा।
४. स्थानीय पत्रिका सुचना छपाई तथा एफएम रेडियो/सुचना सन्देश प्रशारण कार्यक्रमको अवण्डा बजेट विनियोजन सम्बन्धमा।
५. कृषि शाखा अन्तरगतका कार्यक्रमहरुको क्षेत्र निर्धारण तथा लाभग्राही अनुदान रकम निर्धारण सम्बन्धमा।
६. चालू आ.व. २०८१/०८२ का लागि सङ्घीय सरकार तथा प्रदेश सरकारको विभिन्न मन्त्रालयहरूमा रकम माग गर्नका लागि योजना/कार्यक्रमहरू छनौट सम्बन्धमा।
७. आगामी आ.व. २०८२/०८३ का लागि सङ्घीय सरकार तथा प्रदेश सरकारको विभिन्न मन्त्रालयहरूमा रकम माग गर्नका लागि योजना/कार्यक्रमहरू छनौट सम्बन्धमा।
८. फिदिम नगरपालिकाबाट कार्यान्वयन हुने गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धमा।
९. आर्थिक सहायता सम्बन्धमा।
१०. पाँचशैया अस्पतालको म्याद थप गर्ने वा नगर्ने सम्बन्धमा।
११. विविध।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | १३० | २०८१-०८-०७ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाव कार्यान्वयन सम्बन्धमा । | |
| २. | १५२ | २०८१-०९-०९ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(सुशासन प्रबर्द्धन शाखा) | सुचनाको हक सम्बन्धी ऐन, २०६४ मा भएको व्यवस्था कार्यान्वयन गर्न । | |
| ३. | १०४ | २०८१-०९-१७ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्यवस्थापन शाखा) | २७ औं भुकम्प सुरक्षा दिवस, २०८१ मनाउने सम्बन्धमा । | |
| ४. | ६५ | २०८१-०८-१९ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण शाखा) | जानकारी उपलब्ध गराउने सम्बन्धमा । | |
| ५. | ६६ | २०८१-०९-२१ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण शाखा) | कानून उपलब्ध गराइदिने सम्बन्धमा । | |
| ६. | १६६ | २०८१-०७-०८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाब कार्यान्वयन सम्बन्धमा । | |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि अघिल्लो बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृत बाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषगत शाखाहरुलाई निर्देशन दिने ।

**निर्णय नं. - ३**

आ.व. २०८०/०८१ को संस्थागत क्षमता तथा स्वमूल्याङ्कन(LISA), स्थानीय तहको वित्तीय सुशासन मूल्याङ्कन(FRA) र स्थानीय आर्थिक मूल्याङ्कन(LED) प्रत्येक वर्षको पौष मसान्त भित्र स्वमूल्याङकन गरी नतिजा कार्यापालिकाबाट स्वीकृत गरी वेवसाईट तथा सूचना पाटीमा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४२ र मिति २०८१।०९।२८ गतेको परिपत्रअनुसार आगामी माघ मसान्तसम्म स्वमूल्याङकनको म्याद थप भएको हुँदा अर्को कार्यपालिका बैठकबाट अङ्कभार निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - ४**

चालू आ.व. २०८१/०८२ मा स्थानीय पत्रपत्रिका सूचना छपाई तथा एफ.एम. रेडियो/सूचना सन्देश प्रशारण कार्यक्रम शीर्षकमा विनियोजित रकम रु.५,००,०००।- अवण्डा रकमलाई देहायअनुसार विनियोजन गरी तत् तत् रेडियो एफ.एम.हरुसँग सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(क) रेडियो मितेरी एफ एम - रु. ७५,०००।-
(ख) रेडियो दिव्यवाणी एफ एम –रु. ५०,०००।-
(ग) रेडियो सुम्हात्लुङ एफ एम – रु. ५०,०००।-
(घ) रेडियो ईगल एफ एम – रु. ५०,०००।-
(ङ) रेडियो बि एस सी एफ एम - रु. ५०,०००।-
(च) रेडियो तमोर एफ एम - रु. ५०,०००।-
(छ) रेडियो आठराई एफ एम – रु. ५०,०००।-
(ज) वर्ड कम्युनिकेशन मिडिया नेटवर्क -रु. २५,०००।-
(झ) अन्य स्थानीय मिडिया तथा विज्ञापन एजेन्सी - रु. १,००,०००।-

**निर्णय नं. - ५**

कृषि शाखा अन्तरगतका देहायका कार्यक्रमहरुको देहाय बमोजिम क्षेत्र निर्धारण तथा लाभग्राही अनुदान रकम निर्धारण गर्ने ।

**देहाय:**

**क.** आ.व २०८१।०८२ मा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत व्यवसायिक फलफुल बगैचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन गर्न प्रति वडा १ कृषि फर्म/कृषि सहकारी/कृषक समुह छनौट गरि प्रति लाभग्राही रु. १,००,०००।- अनुदानको दरले ५० प्रतिशत लागत साझेदारीमा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ र मापदण्ड, २०७८ बमोजिम कार्यान्वयन गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**ख.** आ.व २०८१/०८२ मा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत कफि खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम कार्यान्वयन कार्यदल गठन गरी उक्त कार्यदलले प्रस्ताब छनौट मापदण्ड/आधार तयार गर्ने र सोही मापदण्ड बमोजिम उपयुक्त प्रस्तावक छनौट गरी कार्यपालिकामा सिफारिस गर्ने र छनौट कृषि फर्म/कृषि सहकारी/कृषक समुहहरुले ५० प्रतिशत लागत साझेदारीमा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ र मापदण्ड, २०७८ तथा आ.ब २०८१।०८२ प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत शसर्त अनुदान कार्यक्रम सन्चालन सम्बन्धी मार्गदर्शन बमोजिम कार्यान्वयन गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**ग.** आ.ब २०८१।०८२ मा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत चिया खेति विस्तार कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम कार्यान्वयन कार्यदल गठन गरि उक्त कार्यदलले प्रस्ताव छनौट मापदण्ड/आधार तयार गर्ने र सोही मापदण्ड बमोजिम उपयुक्त प्रस्तावक छनौट गरी कार्यपालिकामा सिफारिस गर्ने र छनौट कृषि फर्म/कृषि सहकारी/कृषक समुहहरुले ५० प्रतिशत लागत साझेदारीमा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ र मापदण्ड, २०७८ तथा आ.ब २०८१।०८२ प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत शसर्त अनुदान कार्यक्रम सन्चालन सम्बन्धी मार्गदर्शन बमोजिम कार्यान्वयन गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ६**

चालू आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि तपशिलका योजना तथा आयोजनाहरू सङ्घीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु समक्ष सिफारिस सहित माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | आयोजना/कार्यक्रमहरूको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १. | सल्लेरी सुभाङ साम्रे पञ्चमी अमरपुर सडक | रु.१,१९,१२,५५,१९१.१८ | कालोपत्रे |
| २. | जोरपोखरी मा.वि. खेलमैदान | रु. ११,२२,९५,६९८.८६ | |
| ३. | समेवा सिमखर्क तम्फुवा एकचेपा खाम्खु | रु. १६,७१,९१,०६१.०० | |
| ४. | गोपेटार कभर्ड हल | रु. ३,०७,८६,६१०.५७ | |
| ५. | बालाचतुरे-ओराङफुङ-जेभाले मुर्दे सडक | रु. ८४,४८,०९,८२६.५८ | |
| ६. | जोरपोखरी डोप्किले चतुरे पदमार्ग | रु. ३,३५,१६,२५३.६१ | |
| ७. | सिंहपुर देखि लिम्बुनीपुल सडक | रु. १०,६३,०२,५६१.५७ | |

| | | | |
|---|---|---|---|
| ८. | हाङगेपुङ मध्यपहाडी कालोपत्रे सडक | रु. २१,९२,६१,९३१.१९ | |
| ९. | मखुवा जेभाले सिचाई आयोजना | | |
| १०. | भालुचौक अमरपुर सडक कालोपत्रे | रु. ५,०७,५७,०८३.०९ | |
| ११. | सिद्धमावि खेलमैदान | रु. ६,७२,८४,९६०.०० | |
| १२. | भोटेगढी पदमार्ग | रु. ५,३८,९२,२५८.३० | |
| १३. | गुरुङछाप खेलमैदान | रु. ३,३४,६६,७४५.६४ | |
| १४. | ३ नं. वडा कार्यालय भवन | रु. २,४०,३३,०५५.०६ | |
| १५. | श्रीचम्पा चिस्यान केन्द्र हिलिहाङ-४ | रु. १,९३,९८,२७५.१९ | |
| १६. | देउराली साम्रे डाँडे मृदुङ्गा झर्ना मोटरबाटो निर्माण | | |

**निर्णय नं. - ७**

आगामी आ.व. २०८२/०८३ का लागि यस गाउँपालिकामा सञ्चालन हुने गरी तपशिलका योजना तथा आयोजनाहरू सङ्घीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु समक्ष सिफारिस सहित माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| **क्र.सं.** | **आयोजना/कार्यक्रमहरूको नाम** | **अनुमानित रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | सल्लेरी सुभाङ साम्रे पञ्चमी अमरपुर सडक | रु.१,१९,१२,५५,१९१.१८ | कालोपत्रे |
| २. | जोरपोखरी मा.वि. खेलमैदान | रु. ११,२२,९५,६९८.८६ | |
| ३. | समेवा सिमखर्क तम्फुवा एकचेपा खाम्खु | रु. १६,७१,९१,०६१.०० | |
| ४. | गोपेटार कभर्ड हल | रु. ३,०७,८६,६१०.५७ | |
| ५. | बालाचतुरे-ओराङफुङ-जेभाले मुर्दे सडक | रु. ८४,४८,०९,८२६.५८ | |
| ६. | जोरपोखरी डोप्किले चतुरे पदमार्ग | रु. ३,३५,१६,२५३.६१ | |

| | | | |
|---|---|---|---|
| ७. | सिंहपुर देखि लिम्बुनीपुल सडक | रु. १०,६३,०२,५६१.५७ | |
| ८. | हाङगेपुङ मध्यपहाडी कालोपत्रे सडक | रु. २१,९२,६१,९३१.१९ | |
| ९. | मखुवा जेभाले सिचाई आयोजना | रु. २,२३,५२,४३४.०६ | |
| १०. | भालुचौक अमरपुर सडक कालोपत्रे | रु. ५,०७,५७,०८३.०९ | |
| ११. | सिद्धमावि खेलमैदान | रु. ६,७२,८४,९६०.०० | |
| १२. | भोटेगढी पदमार्ग | रु. ५,३८,९२,२५८.३० | |
| १३. | गुरुङछाप खेलमैदान | रु. ३,३४,६६,७४५.६४ | |
| १४. | ३ नं. वडा कार्यालय भवन | रु. २,४०,३३,०५५.०६ | |
| १५. | आगेजुङ गुम्बा अथिति गृह | रु. १,००,००,०००.०० | |
| १६. | जोरपोखरी क्षेत्र संरक्षण तथा प्रवर्द्धन | | |
| १७. | मृदुङगा झरना क्षेत्र विकास | | |
| १८. | हिलिहाङ दरबारक्षेत्र प्रवर्द्धन | | |

**निर्णय नं. - ८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ मा भएको अन्तर स्थानीय तह समन्वय, सहकार्य र सहअस्तित्वको मुल भावनालाई कार्यान्वयन गर्न भौतिक पुर्वाधार, पर्यटन, प्रविधि तथा सँस्कृतिको प्रवर्द्धन र विकास गर्न अन्तरपालिका स्तरीय सहकार्य मार्फत अधिकत्तम साधनको परिचालन गर्न सकिने व्यवस्थालाई शिरोधार्य गर्दै हिलिहाङ गाउँपालिकाले चालु आ.व २०८१।०८२ को लागि हिलिहाङ गाउँपालिकाको गाउँसभाको वर्षे अधिवेशनबाट देहायका फिदिम नगरपालिकामा अवस्थित योजनाहरुमा बजेट विनियोजन गरिएकोले नियमअनुसार योजनाको सम्झौता देखि अन्तिम भुक्तानी एबं अन्तिम लेखापरिक्षण समेत गर्ने गरि बजेट हस्तान्तरण गर्ने ।

**देहायः**

| क्र.स | योजनाको नाम | योजना सञ्चालन हुने स्थानको विवरण | बजेट रु. |
|---|---|---|---|
| १. | श्री हरिहंश स्मृति प्रतिष्ठान भवन निर्माण, पाँचथर । | फिदिम-२ | रु. १०,००,०००।- |

| | | | |
|---|---|---|---|
| २. | श्री पुष्पलाल मदन भण्डारी परिषद भवन निर्माण, पाँचथर | फिदिम-४ | रु. १०,००,०००।- |

**निर्णय नं. - ९**

क. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ " बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ख. हिलिहाङ गाउँपालिका स्थित वडा नं. २ मा अवस्थित काबेली युवा क्लबले माघे संक्रान्तीको अवसरमा सञ्चालन गर्ने वडा स्तरीय खुला पुरुष भलिबल तथा खुला नृत्य प्रतियोगिताको लागि वडा नं २ बाट खेलकुद शिर्षकमा रु. १,००,०००।- (अक्षरेपी एक लाख) विनियोजन भएकोमा उक्त रकम अपुग भएको तथा खेलकुद विकाश शिर्षकमा समेत पर्याप्त बजेट नभएकोले अन्य आर्थिक सहायता शिर्षकबाट रु. ५०,०००।- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) बिल भरपाईको आधारमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ग. हिलिहाङ गाउँपालिका स्थित वडा नं. ४ मा ऐतिहासिक रूपमा लाग्दै आएको श्रीपञ्चमीको अवसरमा वडा समितिले आयोजना गर्ने खेलकुद एवं साँस्कृतिक कार्यक्रमको लागि २,००,०००।- (अक्षरेपी दुई लाख) विनियोजन भएकोमा उक्त रकम अपुग भएकोले अन्य आर्थिक सहायता शिर्षकबाट रु. ५०,०००।- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) बिल भरपाईको आधारमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

घ. हिलिहाङ गाउँपालिका र फिदिम नगरपालिका जोड्ने हेवाखोला(फेमेखोला र हेवाखोलाको संगमस्थल)मा प्रकृति पुराण व्यवस्थापनको लागि नागरिक समाज पाँचथरलाई बिल भरपाई समेतका आधारमा रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैँया) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. –१०.**

आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं. HRM/NCB/WORKS/notice04/078/079, "Construction of 5 Bed Hospital Hilihang Rural Municipality" को निर्माण कार्यको लागि बहुबर्षिय ठेक्का आव्हान गरी मिति २०८०/११/२८ गते कार्य सम्पन्न गर्ने गरी मिति २०७८/११/२७ गते श्री एपेक्स-मिसन जे.भी. काठमाडौंसँग ठेक्का सम्झौता भएको र निर्माण कम्पनीले २०८०/११/०६ गते सामाग्री अभाव, वर्षातका कारण हेवा खोलामा यातायात अबरुद्ध भएकोले तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपको लागि लिखित निवेदन दिएको सोही आधारमा प्रथम सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को नियम १२० बमोजिम आगामी २०८० असार १० गतेसम्म म्याद थप गरिएको, उक्त अवधिमा निर्माण कम्पनिले सामाग्री अभावले गर्दा काम गर्न नसकेको भनि मिति २०८०।०३।०५ गते म्याद थपको लागि निवेदन दिएको तथा उक्त समयमा कार्यालयले समेत निर्माण कम्पनिलाई संघीय सरकारबाट प्राप्त हुनुपर्ने रकम प्राप्त नभएकोले म्याद थप्न मनासिब देखि दोश्रो पटक सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को ऐ.ऐ दफा तथा नियमावली बमोजिम निर्माण कम्पनीले मिति २०८१/०९/०८ गते म्याद थपको लागि फिदिम

नगरपालिका र हिलिहाङ गाउँपालिकालाई जोड्ने हेवाखोलाको मोटरेवल पुल गत असोज १२ गतेदेखि अविरल वर्षाका कारण बगाएकोले समयमै सामाग्री आपूर्ति गर्न नसकेको कारण सहितको निवेदन पेश गरेको हुँदा उक्त निर्माण कम्पनीलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को नियम १२० बमोजिम २०८१/११/२८ गतेसम्म म्याद थप गर्ने।

**निर्णय नं. ११**

**विविधः**

क. मिति २०८१ असोज १०, ११ र १२ गतेको अविरल बर्षाको कारण गएको पहिरोले तपशिलका खानेपानी आयोजनाहरुको पाईप नष्ट भएको हुदाँ प्राविधिक लागत अनुमानका आधारमा लागत बमोजिमको रकम भुक्तानी प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**तपसिलः**

१. हिलिहाङ वडा नं. ५ खानेपानीको मर्मतको पाइप खरिद रु. ४५,३०७.३५

ख. चालू आ.व .२०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि तपशिलका योजना तथा आयोजनाहरू सङ्घीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु समक्ष सिफारिस सहित माग गर्ने।

**तपसिलः**

| क्र.सं. | आयोजना/कार्यक्रमहरूको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १. | हिलिहाङ-१ भालुचौक इलाका प्रहरी कार्यालयबाट ढाँडगाउँ, आमचोक हुँदै हिलिहाङ दरबार जाने मोटरबाटो स्तरोन्नती | रु. १,५०,००,०००/- | |
| २. | हिलिहाङ-१ बरडाँडा-आहाले मोटरबाटो स्तरोन्नती | रु. ७५,००,०००/- | |
| ३. | अमरज्योती राईगाउँ च्यानेडाँडा मोटरबाटो स्तरोन्नती | रु. १,५०,००,०००/- | |
| ४. | डाँडागाउँ गुम्बा तमोर करिडोर मोटरबाटो ट्र्याक ओपन | रु.२०,००,०००/- | |